

अपाङ्गता मैत्री घर मर्मत तथा व्हील चेयर पछि खुशी देखिएका चंख बहादुर खड्का




बालबालिकाको हेरचाह तथा स्याहार तालिमका सहभागी हेरचाहकर्ताहरु



सामुदायिक रुपान्तरण परियोजनाद्वारा संचालित मानसिक स्वास्थ्य शिविर




सक्षम परियोजनाद्वारा आयोजना गरिएको बालिका सभाका सहभागीहरु

तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।

यू.एम.एन. केन्द्रीय कार्यालय
पोष्ट बक्स नं. १२६, काठमाडौं
१६६००१२८११८ (निःशुल्क फोन नं.)
९८४७३८७०३०, ९८५७८४४५६६
feedback@umn.org.np
feedback.rk@umn.org.np
www.umn.org.np/feedback

**साझेदार संस्थाहरु**

मिक नेपाल

एन–प्याफ

**कार्यालय**

यू.एम.एन. रुकुम पूर्व क्लष्टर
सिस्ने गाउँपालिका, वडा नं. ५
बाहुनठाना, रुकुमकोट, रुकुम पूर्व
फोन नं. ०८८ ४१३१८८
rukum@umn.org.np
www.umn.org.np







# वार्षिक प्रगति

## यू.एम.एन. रुकुम पूर्व

२०८०/२०८१

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन

# प्रमुख उपलब्धिहरु

यूनाइटेड मिसन टु नेपालले जिल्ला विभाजन हुनुभन्दा पहिला बि.सं. २०६४ सालदेखि नै रुकुम जिल्लामा स्थानीय साझेदार संस्था मार्फत विभिन्न परियोजनाहरु संचालन गर्दै आएको छ भने रुकुम पूर्व जिल्ला स्थापना भएपछि बि.सं. २०७७ पश्चात जिल्लाको २ वटा पालिकाहरुमा केन्द्रित भएर कार्यक्रम संचालन गर्दै आएको छ । ३ वटा गाउँपालिका मात्र रहेको रुकुम पूर्व जिल्लाको क्षेत्रफल ११८१.७ वर्ग कि.मी. रहेको छ भने २०७८ को जनगणनाको प्रतिवेदन अनुसार जिल्लाको जम्मा जनसंख्या ५६ हजार ६ सय ७१ रहेको छ, जसमध्ये महिलाको संख्या २९ हजार २ सय ७४ र पुरुषको संख्या २७ हजार ३ सय ९७ रहेको छ । त्यस्तै जिल्लाको जम्मा घरधुरी संख्या ११ हजार ७ सय २, परिवार संख्या १३ हजार २ सय ६४ र औसत परिवारको आकार ४.३७ रहेको छ । जातिगत संरचना अनुसार मगर समुदायको बाहुल्यता रहेको यस जिल्लामा दलित र क्षेत्री तथा ठकुरीको क्रमश दोश्रो र तेस्रो स्थान रहेको छ । यू.एम.एन.का मुख्य परियोजनाहरु भूमे र पुथा उत्तरगंगा गाउँपालिकाहरुमा संचालित छन् भने विपद् जोखिम न्यूनीकरण र अपाङ्गता पुर्नस्थापना लगायातका परियोजनाहरु जिल्लाभरि नै संचालनमा रहेका छन् । साथै संचालित परियोजना मार्फत गत वर्ष १५,५५८ जना प्रत्यक्ष लाभान्वित भएका छन् । यू.एम.एन. रुकुम पूर्व क्लष्टरले आ.व. २०८०/०८१ मा स्थानीय गैह्र सरकारी संस्थाको साझेदारीमा संचालित परियोजनाहरु मार्फत तपसिलका विषयगत क्षेत्रहरुमा निम्न उपलब्धिहरु हासिल गरेको छ ।

### जीविकोपार्जन

- उद्यमशीलता विकासः ५६ जना
- रुख प्रजाति तथा जडिबुटीका वृक्षारोपणः ८४४८ गोटा बिरुवा
- पानीको स्रोत व्यवस्थापनः ६ वटाबाट ११० घरधुरी लाभान्वित
- वातावरण मैत्री गाउँ घोषणाः १ टोल

### स्वास्थ्य

- मानसिक स्वास्थ्य उपचारः ५१२ जना
- महिला स्वास्थ्य स्वयं सेविका परिचालनः ६९ जना
- स्वास्थ्य आमा समूह सदस्यः ८९२
- स्वास्थ्यकर्मीको क्षमता विकासः ३५ जना
- शौचालय निर्माणः ३
- अपाङ्गता भएका बालबालिकाहरुको उपचारः ३१ जना
- सहायक सामाग्री सहयोग तथा अपाङ्गता मैत्री घर मर्मतः ४ जना

### शिक्षा


- १८ वटा विद्यालयका ३६ कक्षाकोठाहरुमा बालमैत्री बसाई व्यवस्थापन
- शिक्षक, अभिभावक र बाल तथा युवा क्लबका सदस्यहरुको क्षमता विकासः ६६ जना
- शैक्षिक सामाग्री वितरणः २१२ जना

### संरक्षण

- बाल क्लब, किशोरी समूह, युवा समूह, आमा समूह गरी जम्माः ५९
- समूहमा सहभागी सदस्य संख्याः ६२८
- रोकिएको बालविवाहः ८
- घरेलु हिंसाको मुद्दा दर्ताः २३

## विषयगत खर्च

कुल खर्चः ४,३७,५६,४३३




परियोजनाहरुमा जिल्लास्थित संघीय, प्रदेश तथा स्थानीय सरकारहरुको समन्वय तथा साझेदारीः ३७ लाख ८६ हजार

- **१८ लाख** — भेडापालन तथा राडी पाखी प्रबर्धन
- **३ लाख** — आलुखेती विस्तार सहयोग
- **६ लाख** — मानसिक रोगको उपचारको लागि औषधी खरिद
- **५ लाख** — जडिबुटी प्रशोधनको लागि उपकरण सहयोग
- **५.८६ लाख** — साना सिँचाइ तथा प्लास्टिक घर सहयोग

## जीवनमा आएको परिवर्तन

देवीबहादुर ओली (नाम परिवर्तन) रुकुम पूर्व जिल्ला भुमे गाउँपालिका वडा नं. ६ का बासिन्दा हुन् । उनको परिवारमा पाँच सदस्य छन् र उनी कृषिमा निर्भर छन् । शुरुमा उनले घरखर्च र छोराछोरीको पढाइ धान्न ऋण लिएर गाउँमै किराना पसल शुरु गरे । दुर्भाग्यवश, पसल उनले सोचे अनुसार चल्न सकेन, समुदायका मानिसहरूले उधारो सामान लिएर समयमै पैसा तिरेनन्, जसले गर्दा उनको किराना व्यवसाय झन् समस्यामा पर्‍यो ।

बिस्तारै उनी चिन्तामा डुब्ने, दुःखी महसूस गर्ने र आफूलाई दोषी ठहर्‍याउने जस्ता हीनताबोधबाट ग्रस्त हुन थाले, जसले गर्दा उनमा भावनात्मक प्रकोप, निन्द्रा नलाग्ने आदि जस्ता मनोसामाजिक समस्याहरू देखिन थाले ।

देवीबहादुर उपचारका लागि राप्ती अस्पताल, दाङ र रोल्पा जिल्लाको थबाङ अस्पताल पुगे । यसबीचमा उनले परम्परागत धार्मिक अगुवाहरू (धामी, झाक्री) सँग परामर्श पनि लिए तर न त उनको समस्या पत्ता लाग्यो न उपचार नै सम्भव भयो । यसले गर्दा उनी मानसिकरूपमा झन् मर्माहत भए । उनले आफ्नो गाउँपालिकामा नेपाल जनजागरण मञ्चको सामुदायिक रूपान्तरण परियोजनाद्वारा संचालन गर्दै गरेको स्वास्थ्य शिविर बारे थाहा पाए र सहभागी भए । परिक्षण पश्चात उनमा डिप्रेसनको समस्या देखिएपछि डाक्टरको सल्लाह बमोजिम औषधि उपचार शुरु गरे । उनी भन्छन् "दुई महिनासम्म नियमित औषधि खाएपछि अहिले उल्लेख्य रुपमा निको भएको छु र पहिलेको जस्तै नियमित काममा फर्किएको छु ।" हाल उनको जिल्ला अस्पताल रुकुम पूर्वबाट नियमित उपचार र फलोअप जारी छ । देवीबहादुर अहिले समुदायका अन्य व्यक्तिहरूलाई मानसिक रोगका लक्षणहरूबारे जानकारी दिँदै आवश्यक उपचारको लागि स्वास्थ्य चौकी जान सल्लाह दिन्छन् ।

